# COVID-19 एकान्तबास, क्वारेन्टाइन तथा स्वास्थ्यलाभका लागि Ho Hum आवास

## भर्मोन्ट प्रान्तीय आपत्कालीन कार्यसञ्चालन केन्द्र: एकान्तबास, क्वारेन्टाइन तथा स्वास्थ्यलाभ रणनीति

Ho Hum साउथ बर्लिङ्गटनमा रहेको प्रान्तीय आपत्कालीन कार्यसञ्चालन केन्द्रका तर्फबाट AHS ले लागू गरेका जनस्वास्थ सम्बन्धी हस्तक्षेपको भूमिका निर्वाह गर्न मद्दत गर्ने मोटेल हो।

Ho Hum ले COVID-19 को सङ्क्रमण भएको शङ्का गरिएका, COVID-19 सङ्क्रमण हुन सक्ने उच्च जोखिममा रहेका वा COVID-19 सङ्क्रमण भएको पुष्टि भएका तर अस्पताल स्तरको चिकित्सा सेवा आवश्यक नपर्ने पाहुनाहरूलाई स्वागत गरिरहेको छ। आफ्नो मुख्य बासस्थान वा आफ्नो निवासमा एकान्तबासमा बस्दा जनस्वास्थ्यका मार्गदर्शनहरू पालना गर्न नसक्ने व्यक्तिहरू यहाँ आएर बस्न सक्छन्। एकान्तबास, क्वारेन्टाइन तथा स्वास्थ्यलाभका लागि गरिएका व्यवस्थाहरू चिकित्सा हस्तक्षेप नभएर आपत्कालीन जनस्वास्थ्य रणनीति हो। यस अन्तर्गत व्यक्तिहरूले केही समयका लागि स्व-एकान्तबासमा बस्दा र COVID-19 बिमारीबाट निको हुँदै गर्दा टेलीहेल्थ तथा सामाजिक सेवा सहितको वैकल्पिक आवास प्राप्त गर्दछन्।

पाहुनाहरूलाई स्वास्थ्य स्याहार सम्बन्धी सीमित निगरानी आवश्यक पर्छ, उनीहरू आफ्नो स्याहार आफैं गर्न सक्छन् र दैनिक जीवनका गतिविधिका लागि सहायता आवश्यक पर्दैन। स्वास्थ्य सेवा प्रदायकहरू परीक्षणका समयमा भन्दा अरू बेला मोटेलभन्दा बाहिर नै रहन्छन् र खाना, स्वास्थ्यको अनुगमन तथा सङ्क्रमण रोकथाम नियन्त्रणमा सहायता गर्दछन्। पाहुनाहरू स्वेच्छिक रूपमा Ho Hum को भवनमा बस्छन्।

COVID-19 बाट स्वास्थ्यलाभका लागि मोटेलमा बस्ने पाहुनाहरूले निम्न मापदण्डहरू पूरा गर्नु पर्दछ:

- ✓ COVID-19 को लक्षण देखिएको र सङ्क्रमण भएको शङ्का गरिएको तर अस्पतालको स्याहार आवश्यक नपर्ने; **वा**
- ✓ COVID-19 सङ्क्रमित व्यक्तिसँग सम्पर्कमा आएका र स्वास्थ्यसेवा प्रदायकले COVID-19 पोजिटिभ हुन सक्ने उच्च जोखिममा रहेको व्यक्तिका रूपमा मूल्याङ्कन गरेका छन्; **वा**
- ✓ COVID-19 परीक्षण गर्दा पोजिटिभ रिपोर्ट आएको छ (सङ्क्रमण पुष्टि भएको व्यक्ति) तर निकै कम लक्षणहरू देखिएका छन् वा लक्षण नै देखिएका छैनन्; **र**
- ✓ बिमारीबाट निको हुने क्रममा अन्य व्यक्तिमा सङ्क्रमण सार्ने जोखिम भएको र स्व-एकान्तबासमा बस्नका लागि अर्को कुनै उचित ठाउँ नभएको; **र**
- ✓ अस्पताल स्तरको स्याहार आवश्यक नपर्ने (अस्पतालबाट डिस्चार्ज हुँदै गरेको वा हालको आवासबाट सिधै रिफर गरिएको हुन सक्छ); **र**
- ✓ दैनिक जीवनका गतिविधि गर्न सहायता आवश्यक नपर्ने र आवश्यक परेका खण्डमा भवन खाली गरेर आफैं बाहिरिन सक्ने।

## एकान्तबास, क्वारेन्टाइन तथा स्वास्थ्यलाभका लागि **Ho Hum** का आवासहरू

Champlain Housing Trust (च्याम्प्लेन हाउजिङ ट्रस्ट), बर्लिङ्गटन सामुदायिक स्वास्थ्य केन्द्र (CHCB) तथा भर्मोन्ट मानव सेवा एजेन्सी (AHS) को साझेदारीमा Ho Hum मा एकान्तबास, क्वारेन्टाइन तथा निको नहुन्जेलसम्म खाने बस्ने सुविधाहरू उपलब्ध गराइएका हुन्। Ho Hum ले COVID-19 को सङ्क्रमण भएको शङ्का गरिएका, COVID-19 सङ्क्रमण हुन सक्ने उच्च जोखिममा रहेका वा COVID-19 सङ्क्रमण भएको पुष्टि भएका तर निको नहुन्जेलसम्म सेल्फ-क्वारेन्टाइनमा बस्नका लागि उचित ठाउँ नभएका भर्मोन्टबासीहरूलाई स्वास्थ्य तथा कार्यक्रमिक सहायतामा पहुँच सहित केही समयका लागि खाने बस्ने सुविधा प्रदान गर्छ।

**हाम्रा लक्ष्यहरू**

मान्छेहरू निको हुँदै गर्दा उनीहरूलाई उपयुक्त तथा निको हुने स्थान प्रदान गर्ने, समुदायहरूमा सङ्क्रमणको गतिलाई कम गर्ने र अस्पतालमा आवश्यक पर्ने व्यक्तिहरूले सेवा प्राप्त गरुन् भनेर अस्पतालमा हुने भीडभाड कम गर्ने।

**हाम्रा मान्यताहरू**

सबैका लागि प्रतिष्ठा र सम्मान। साझेदारहरूसँग खुल्ला संवाद। निको हुँदै गरेका व्यक्तिहरूलाई निको गराउने र गोपनीयता प्रदान गर्ने।

**Ho Hum मा सेवा प्रदान गरिने मानिसहरू**

जुनसुकै उमेर, जुनसुकै पारिवारिक संरचना तथा जुनसुकै जनसांख्यिकीय समूहका सबै व्यक्तिहरूलाई स्वागत छ। निम्न व्यक्तिका लागि 34 वटासम्म कोठाहरू उपलब्ध छन्:

- ✓ एकान्तबास, क्वारेन्टाइन तथा निको नहुन्जेलसम्म बस्न योग्य हुनका लागि मापदण्ड (माथि उल्लेखित) पूरा गर्ने व्यक्ति,
- ✓ राष्ट्रिय वा भर्मोन्ट यौन दुर्व्यवहारका दोषी रजिस्ट्रीमा नाम दर्ता नभएका व्यक्ति,
- ✓ Ho Hum मा रहेर आफ्ना लक्षणहरू निको पार्ने स्वैच्छिक निर्णय गरेका व्यक्ति, र
- ✓ पाहुनासँगको सम्झौतामा उल्लेख गरिएबमोजिम स्थलगत नियमहरू पालना गर्न सहमत हुने व्यक्ति

**स्वास्थ्य तथा सुरक्षा प्रोटोकल, सेवाहरू तथा प्रोग्रामिङ**

निको हुँदै गर्दा, पाहुनाहरूले निम्न कुरामा पहुँच प्राप्त गर्छन्:

**सुरक्षा तथा संरक्षण**

- ✓ यो निको हुनका लागि सुरक्षित तथा निजी ठाउँ हो भन्ने कुरा सुनिश्चित गर्न स्थलगत सुरक्षा व्यवस्था।
- ✓ परिसर वरिपरि बारबेर गरिएको।
- ✓ CDC का मार्गदर्शनहरू कार्यान्वयन गर्नका लागि जानकारीमूलक साइनपोस्टहरू।
- ✓ भवनमा स्थानीय आपत्कालीन सेवाहरू सूचित तथा समन्यव गरिने।
- ✓ सबै पाहुना तथा कर्मचारीहरूले अनिवार्य रूपमा PPE लगाउन तथा चिकित्सा प्रोटोकल पालना गर्नुपर्नेछ।

**सरसफइ, निःसङ्क्रमण, फोहोरमैला व्यवस्थापन, लुगा धुने**

- ✓ कार्यालयमा धेरै छोइने सतहहरू दिनको दुई पटक सफा गरिने छ। हरेक पटक प्रयोग गरेपछि कपडा धुने कोठा तथा फ्रन्ट डेस्क रहेको झ्याल सफा गरिने छ।
- ✓ आवश्यकताअनुसार फोहोरमैला, रिसाइकल गर्ने वस्तुहरू तथा चिकित्साजन्य फोहोर हटाइने छ।
- ✓ आवश्यकताअनुसार तन्ना तथा रुमालहरू धोइने छ। पाहुनाहरूले व्यक्तिगत कपडा धुनका लागि आवश्यकता अनुसार कपडा धुने सेवा प्रयोग गर्न पाउँछन्।
- ✓ पाहुनाहरूले आफ्नो कोठा नियमित रूपमा सफा गर्न आफ्नै सरसफाइ सामग्रीहरू पाउँछन्।
- ✓ एउटा पाहुना कोठाबाट डिस्चार्ज भएर अर्को पाहुना आउनुभन्दा पहिले CDC को मार्गदर्शन अनुसार कोठाहरूको सरसफाइ गरिन्छ।

**स्वास्थ्यसेवा समन्वय तथा टेलीहेल्थ सेवाहरू**

- ✓ सबै पाहुनाहरूले प्रेस्क्रिप्सन रिफिल समन्वय गर्न, डेलिभरी तथा आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग सम्पर्क गर्नका लागि आवश्यकता अनुसार मद्दत पाउने छन्।
- ✓ आफूलाई COVID-19 बाट निको हुनमा सहायता गर्न सक्ने मुख्य स्वास्थ्यसेवा प्रदायक नभएका पाहुनाहरूलाई नियमित रूपमा टेलीमनिटरिङ तथा टेलीहेल्थ अपोइन्टमेन्टहरू प्रदान गर्नका लागि बर्लिङ्गटन सामुदायिक स्वास्थ्य केन्द्रहरूमा सामेल गराइने छ।
- ✓ पाहुनाहरू आफ्नै स्वास्थ्यसेवा प्रदायकसँग पनि सम्बन्ध कायम राख्न सक्छन् र पाहुना सेवाका कर्मचारीले ती अपोइन्टमेन्टहरू लिनका लागि मद्दत गर्न सक्छन्।
- ✓ पाहुनाहरूलाई उनीहरूको ज्वरो नाप्नका लागि उपकरणको व्यवस्था।
- ✓ लागू पदार्थ दुरुपयोग सम्बन्धी विकार (SUD) भएका व्यक्तिहरूलाई आवश्यकता अनुसार आराम दिलाउने औषधि उपलब्ध गराउन सकिन्छ।

- ✓ पाहुना सेवाका कर्मचारीद्वारा दैनिक रूपमा स्वास्थ्य जाँच।
- ✓ पाहुनाका स्वास्थ्यसेवा प्रदायक (बर्लिङ्गटन सामुदायिक केन्द्रहरू र/वा पाहुनाका आफ्नै प्रदायक) ले निर्धारण गरे अनुरूप टेलीहेल्थ (फोन वा भिडियो) अपोइन्टमेन्टहरू मिलाइने छ।

### खाना

- ✓ हरेक पाहुनालाई दिनको तीन पटक खाना दिइने छ। विशेष खानाको आवश्यकता भएको खण्डमा पाहुनाहरूले फ्रन्ट डेस्कमा बस्ने कर्मचारीलाई बताउन सक्छन्।

### अन्य सेवा तथा प्रोग्रामिङ

- ✓ कर्मचारीहरूले पाहुनाहरूलाई टेलीहेल्थ गतिविधिमा सहायता गर्ने छन्, आराम तथा तन्दुरुस्त रहन प्रोत्साहन गर्ने छन्, मनोरञ्जन तथा सिर्जनशील गतिविधिमा रमाउन, खाना खान र सामान्य सहायता प्राप्त गर्न मद्दत गर्ने छन्।

## प्रवेश, दर्ता, टेलीमनिटरिङ तथा डिस्चार्ज

### प्रवेश तथा दर्ता

- ✓ सबैभन्दा पहिले कुनै सम्भावित पाहुना Harbor Place मा बस्नका लागि स्वास्थ्यका हिसाबले उपयुक्त हुन्छ कि हुँदैन भनेर एक जना स्वास्थ्यकर्मीले निर्धारण गर्नुहुने छ।
- ✓ त्यसपछि यस स्थलमा व्यक्ति वा परिवारहरूलाई रिफर गर्ने एजेन्सीले **802-233-8922** मा फोन गरी फ्रन्ट डेस्कमा सम्पर्क गर्ने छन्। Ho Hum ले रिफर गर्ने एजेन्सी तथा व्यक्तिहरूलाई दर्ता प्रक्रियाका बारेमा बताउने छ। रिफर गर्ने एजेन्सीहरूलाई कागजात प्राप्त गर्न, सम्बन्धित व्यक्तिसँग मिलेर उक्त कागजात भर्न र सुरक्षित रूपमा विवरण फिर्ता पठाउन अनुरोध गरिने छ।
- ✓ रिजर्भेसन पक्का भएपछि मोटेलमा रिफर गर्ने एजेन्सीलाई फोन गरेर आउनका लागि निर्देशनहरू दिइने छ। Ho Hum सम्म यातायात मार्फत बिरामी ल्याउने जिम्मेवारी रिफर गर्ने एजेन्सीको हुनेछ। (हेर्नुहोस्: COVID-19 एकान्तबास तथा स्वास्थ्यलाभ आवासका लागि यातायात सम्बन्धी मार्गदर्शनहरू)

### Ho Hum सम्म आउने यातायात र आगमन

- ✓ रिफर गर्ने एजेन्सीले यातायातको व्यवस्था मिलाउने छ।
- ✓ मानिसहरूलाई आपत्कालीन बाहेकका अन्य सवारीसाधन प्रयोग गरी मोटेलमा ल्याइने छ।
- ✓ मोटेलमा आउनुभन्दा पहिले पाहुनाले मास्क लगाउनुपर्ने छ। यहाँ आइसकेपछि पाहुनाहरू आफ्नो कागजात पूरा छ भन्ने कुरा सुनिश्चित गर्न र कोठाको चाबी लिन फ्रन्ट डेस्केको झ्यालमा जाने छन्।
- ✓ पाहुना सेवाका कर्मचारीहरूले पाहुनाहरूलाई सामानहरू मिलाएर बस्न मद्दत गर्ने छन् र पाहुनाको स्वागत प्याकेटको समीक्षा गर्ने छन्।

### स्वास्थ्य तथा तन्दुरुस्ती सम्बन्धी सहायता

- ✓ पाहुना सेवाका कर्मचारीहरूले सुरुको तीन दिनभित्र पाहुनाहरूलाई प्रारम्भिक टेलीहेल्थ अपोइन्टमेन्ट लिइदिन र सोका लागि तयारी गर्न सहायता गर्ने छन्।
- ✓ पाहुनाहरूलाई कुनै समस्या छैन र उनीहरू आफ्नो चिकित्सा प्रदायकसँग नियमित सम्पर्कमा छन् भन्ने कुरा सुनिश्चित गर्न पाहुना सेवाका कर्मचारीहरूले नियमित चेक-इन सेवा प्रदान गर्ने छन्।

**यो ठाउँ छाडेर जानका लागि तयार भएका पाहुनाहरूले CDC ले जारी गरेका हालका सबै मापदण्डहरू पूरा गर्ने छन्[1]:**

---

[1] अद्यावधिक मापदण्डहरू हेर्नका लागि यहाँ जानुहोस्: https://www.cdc.gov/coronavirus/2019-ncov/hcp/disposition-hospitalized-patients.html

- ✓ ज्वरो घटाउने औषधि प्रयोग नगरीकन 24 घण्टासम्म ज्वरो आएको छैन,
- ✓ श्वासप्रश्वास सम्बन्धी लक्षणहरूमा सुधार आएको छ (जस्तै, खोकी, स्वाँ-स्वाँ हुने)
- ✓ तपाईंमा लक्षणहरू देखा परेको कम्तीमा 10 दिन बितिसकेको छ, र
- ✓ डिस्चार्ज गर्न मिल्ने-नमिल्ने बारेमा मूल्याङ्कन गरेपश्चात् स्वास्थ्यसेवा प्रदायकले डिस्चार्जका लागि सिफारिस गर्नुभएको छ।

**आफ्नो बसाइ अन्त्य गर्ने पाहुनाहरूले अवलम्बन गर्नुपर्ने प्रक्रिया र यातायातको व्यवस्था**

- ✓ योजना अनुसार पाहुनाहरूलाई उनीहरूको मूल ठाउँ वा अन्य सुरक्षित स्थानमा स्थानान्तरण गरिने छ। जारी आपत्कालीन आवासको आवश्यकता रहेका पाहुनाहरूलाई ESD लाई सम्पर्क गर्न भनिने छ।
- ✓ मानिसहरू आफू तयार भएपछि यहाँबाट जान सकून् भनेर सुरुमै प्रस्थान गर्ने सम्बन्धी योजना बनाउन थालिने छ।
- ✓ आफ्नो बसाइको अन्त्यमा पाहुनाहरू जानका लागि तयार भएपछि कर्मचारीहरूले यातायातको व्यवस्था मिलाउन मद्दत गर्ने छन्। तर यसका लागि स्व-एकान्तबासको अवधि सम्बन्धी स्वास्थ्यसेवाका सिफारिसहरू पूरा भएको हुनुपर्ने छ।

**पाहुनाहरूले प्राप्त गर्ने सुविधाहरू**

Ho Hum मा बस्ने पाहुनाहरूले निम्न सुविधा प्राप्त गर्छन्:

- ✓ निजी शयनकक्ष तथा शौचालय
- ✓ ब्रेकफास्ट, लन्च र डिनर गरी दिनको तीन पटक कोठामा खाना पुर्‍याइने छ।
- ✓ पाहुनाको सामाजिक तथा मानसिक सुस्वास्थ्यका लागि टेलिफोन मार्फत सेवा।
- ✓ आवश्यकता अनुसार कपडा धुने सेवा तथा ताजा कपडा उपलब्ध गराउने व्यवस्था
- ✓ Kinney Drugs बाट डाक्टरले सिफारिस गरेका औषधि डेलिभरी गरिने छ
- ✓ सरसफाइ सामग्री (ह्याण्ड स्यानिटाइजर, निःसङ्क्रमण गर्न पुछ्ने, पेपर टावल)
- ✓ पाहुनाहरूले व्यक्तिगत सरसफाइका सामग्रीहरू खरिद गर्न सक्ने छन् जुन Kinney Drugs ले डेलिभरी गर्ने छ
- ✓ व्यक्तिगत सुरक्षा उपकरण (PPE) (फेसमास्क, पन्जा)

# Ho Hum COVID-19 Isolation, Quarantine, & Recovery Accommodations

## Vermont Sate Emergency Operations Center: Isolation, Quarantine & Recovery Strategy

The Ho Hum in South Burlington is a motel helping to fill a role as a public health intervention implemented by AHS on behalf of the State Emergency Operations Center.

The Ho Hum is accepting guests who are suspected to be COVID-19+, at high risk for being COVID-19+, or who are confirmed COVID-19+ who do not need hospital-level medical attention, but who cannot follow public health guidelines to isolate in their primary place or location of residence. The Isolation, Quarantine, and Recovery Accommodations are not a medical intervention, but an emergency public health strategy in which people receive temporary alternative housing with access to telehealth and social services while they self-isolate and recover from COVID-19.

Guests require limited health care monitoring, can care for themselves, and do not need assistance with activities of daily living. Medical providers - offsite except for testing - support intake, health monitoring, discharge and infection prevention control. Guests stay at the Ho Hum site on a voluntary basis.

Guests of COVID-19 Recovery accommodations meet the following criteria:

- ✓ Are <u>symptomatic and suspected of having COVID-19</u> but do not require hospital care; **or**
- ✓ Have been exposed to COVID-19 and <u>have been assessed as high-risk for being COVID-19+</u> by a medical provider; **or**
- ✓ <u>Test positive for COVID-19</u> (confirmed case) with minimal or no symptoms; **and**
- ✓ Require self-isolation due to risk of infecting others during recovery and have no other suitable place to self-isolate; **and**
- ✓ Do not require hospital level of care (may be discharging from a hospital or referred directly from current housing); **and**
- ✓ Do not require assistance with daily living and can self-evacuate the building if needed.

## Isolation, Quarantine, & Recovery Accommodations at the Ho Hum

The Isolation, Quarantine, and Recovery accommodations at the Ho Hum are a partnership between the Champlain Housing Trust, the Community Health Center of Burlington (CHCB), and the Vermont Agency of Human Services (AHS). The site provides temporary accommodations with access to health and programmatic supports for Vermonters who are suspected of being COVID-19+, at high-risk for being COVID-19+, or who have tested positive for COVID-19 and have no suitable place to self-quarantine during their recovery.

**Our goals**

To provide a place of compassion and healing while people recover, reduce spread of the infection in communities, and reduce the burden on hospitals so those who need hospitalization can be served.

**Our values**

Dignity and respect for all. Open communication with partners. Healing and privacy for those recovering.

**Populations Served at the Ho Hum**

All people of all ages, all family structures and all demographics are welcome. Up to 34 rooms are available for people who:

- ✓ Meet the criteria (above) for Isolation, Quarantine, and Recovery Accommodations,
- ✓ Are not on the National nor Vermont sex offender registry,
- ✓ Make a voluntary choice to recover from their symptoms at the Ho Hum, *and*
- ✓ Agree to follow site expectations as described in the Guest Agreement

**Health and Safety Protocols, Services & Programming**

During their recovery, guests have access to the following:

**Safety and Security**

- ✓ Onsite security to ensure a safe and private place to recover.
- ✓ Perimeter fence around the site.
- ✓ Informational signs reinforcing CDC health guidelines.
- ✓ Local Emergency Services notified and coordinated with the site.
- ✓ All guests and staff are required to wear PPE and follow medical protocol.

**Cleaning, Disinfecting, Waste, Laundry**

- ✓ There will be a twice daily cleaning of the high touch areas in the office. The laundry room and the front desk window will be cleaned after each use.
- ✓ There will be a removal of waste, recycling products, and medical waste as needed.
- ✓ Bed linens and towels will be laundered as needed. Guests have access to a laundry service for personal laundry as needed.
- ✓ Guests have access to their own cleaning supplies to regularly clean their own rooms.
- ✓ Rooms are cleaned per CDC guidelines after guest discharge and before next guest arrives.

**Health Care Coordination & Telehealth Services**

- ✓ All guests will receive help coordinating prescription refills, delivery, and access to their health care providers, as needed.
- ✓ Guests who do not have a primary care provider able to support their COVID 19 recovery, will be enrolled in the Community Health Centers of Burlington to provide regular telemonitoring and telehealth appointments.
- ✓ Guests are also able to maintain relationships with their own health care providers, and guest services staff can help coordinate the scheduling of those appointments.
- ✓ Equipment for guests to check their own temperature.

- ✓ Access to comfort medications can be available as necessary for people with Substance Use Disorder (SUD).
- ✓ Daily wellness check-ins by guest services staff.
- ✓ Telehealth (phone or video) appointments scheduled as determined by their health care provider (from the Community Health Centers of Burlington and/or their own providers).

**Food**

- ✓ Three meals a day will be delivered to each guest. Guests can advise front desk staff of special dietary needs.

**Other Services & Programming**

- ✓ Staff will help guests with telehealth activities, encourage rest and wellness, entertainment and recreation, meals, and for general support.

## Intake, Registration, Telemonitoring, and Discharge

### Intake and Registration

- ✓ A health care provider will first determine if a potential guest is appropriate medically for Harbor Place.
- ✓ Agencies referring individuals or families to this site will then call the front desk at **802-233-8922**. Ho Hum staff will walk referring agencies and individuals through the registration process. Referring agencies will be asked to receive paperwork, work with the individual to complete, and send back information securely.
- ✓ When a reservation has been confirmed, the referring agency will receive a call back with instructions for arrival. Referring agencies are responsible for arranging transportation to the Ho Hum. (see: Transportation Guidelines to COVID-19 Isolation and Recovery Housing)

### Transportation to & Arrival at the Ho Hum

- ✓ Transportation will be arranged by referring agencies.
- ✓ People will be transported to the site by non-emergency vehicles.
- ✓ The guest will be wearing a mask prior to arrival. Upon arrival, guests will go to the Front Desk window to make sure that paperwork is complete and receive a room key.
- ✓ Guest services staff will help guests settle in and review the Guest Welcome Packet.

### Health & Wellness Support

- ✓ Guest services staff will support guests in setting up and preparing for an initial telehealth appointment within the first three days.
- ✓ Guest services staff will provide regular check-ins to make sure guests are doing well and in regular communication with their medical provider.

**Guests who are ready to leave will have met all of the current CDC criteria[2]:**

- ✓ No fever for 24 hours without the use of fever-reducing medications,
- ✓ Improved respiratory symptoms (e.g., cough, shortness of breath),
- ✓ At least 10 days having passed since symptoms first began, *and*
- ✓ Be recommended by a health care provider following an assessment for discharge.

**Process & Transportation for Guests Ending their Stay**

- ✓ Guests will be transported to their place of origin or another safe residence as planned. Guests in need of ongoing emergency housing will be told to contact ESD.
- ✓ Planning for departure begins at the start, so that people are able to leave when ready.
- ✓ When guests are ready to end their stay, staff will help arrange transportation as long as the period of self-isolation meets health care recommendations.

**Guest Amenities**

Guests at the Ho Hum have access to the following amenities:

- ✓ Private bedrooms and bathrooms
- ✓ Three meals a day – breakfast, lunch, and dinner – delivered to rooms
- ✓ Telephonic support for guest social and mental health well-being
- ✓ Laundry service and fresh linens, as needed
- ✓ Prescription delivery from Kinney Drugs
- ✓ Cleaning supplies (hand sanitizer, disinfecting wipes, paper towels)
- ✓ Personal hygiene items can be purchased by guests for delivery by Kinney Drugs
- ✓ Personal Protective Equipment (PPE) (facemasks, gloves)

[2] For most current criteria: https://www.cdc.gov/coronavirus/2019-ncov/hcp/disposition-hospitalized-patients.html